**छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाद्धारा प्रकाशित**

# कृषि,पशुपक्षि तथा मत्य  फार्म दर्ता सम्वन्धि कार्यविधि २०७७

**छत्रकोट गाउँपालिका**

**चोयगा, गुल्मी**

## छत्रकोट गाउँपालिकाको कृषि ,पशुपक्षि तथा मत्य  फार्म दर्ता सम्वन्धि कार्यविधि, २०७७

छत्रकोट गाउंपालिकाको सस्था दर्ता ऐन, २०७६ को दफा १७ नियम १ बमोजिम छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाले बनाएको कार्यविधि लागु गरिएको छ ।

### परिच्छेद......१
### प्रारम्भिक :

**१ सक्षिंत नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम कृषि,पशुपक्षि तथा मत्य  फाम दर्ता सम्वन्धि कार्यविधि २०७७ रहेको छ ।

खं) यो कार्यविधि छत्रकोट गाउँपालिका गाउँकार्यपालिबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) गाउंपालिका भन्नाले छत्रकोट गाउंपालिका सम्भन्नु पर्दछ ।

ख) कार्यालय भन्नाले छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय सम्भन्नु पर्दछ ।

ग) शाखा  भन्नाले छत्रकोट गाउँपालिकाको कृषि तथा पशु शाखालाई सम्भन्नु पर्दछ ।

घ) वडा भन्नाले छत्रकोट गाउंपालिका अर्न्तगत सबै वडाहरु सम्भन्नु पर्दछ ।

ङ) प्राविधिक भन्नाले कार्यलयमा कार्यरत वा कृषि तथा पशु विकास शाखावाट खटाईएको सम्वन्धित प्राविधिक सम्भन्नु पर्दछ ।

च) सहकारी भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्भन्नु पर्नेछ ।

छ) कृषक भन्नाले खेतिपाती तथा कृषि कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्भन्नु पर्दछ ।

ज)अनुदान भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्भन्नु पर्दछ ।

झ ) प्रस्तावक भन्नाले  कृषक, व्यावसायिक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, निजि फर्म, उद्यमि सम्भन्नु पर्दछ ।

ठ) लगानी रकम भन्नाले कार्यक्रम संझौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यर्होने रकम समेत गरी कुल लगानी सम्झनु पर्दछ ।

ड) श्रमदान भन्नाले प्रस्तावक वा सेवा ग्राहिले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्झनु पर्दछ ।

ढं) मागमा आधारित अनुदान कार्यक्रम भन्नाले प्रस्तावकको माग स्वीकृतिका आधारमा दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

ण ) फार्म दर्ता गर्ने अधिकारी भन्नाले कृषि /पशु शाखाको अधिकृत स्तरको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृत वा निजले त्योकिएको व्याक्ति

**यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

१. व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणाली द्धारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्ने ।

२ कृषिमा यान्त्रिकिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने

३. व्यवसायिक कृषि प्रणालीमा सबै कृषकहरुलाई आवद्ध गर्न,तथा वास्तविक कृषकहरुको पहिचान गर्न

४ प्राविधिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण सर्म्बद्धन एवं सदुपयोग गर्ने

५. छत्रकोट गाउँपालिकालाई कृषि र पशु क्षेत्रको उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्ने

६. व्यवसायिक कृषि तथा पशुपक्षिं कार्यक्रम मार्फत **समृद्ध छत्रकोट, सुखी छत्रकोटबासी** को लक्ष्य प्राप्ति गर्ने ।

## परिच्छेद......२

छत्रकोट गाउपालिकामा कृषि फर्म दर्ता गर्न इच्छुक कृषक समुह, कृषि सहकारी, व्यवसायिक कृषकहरुले निम्न बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

❖. कृषिकोहकमां निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| कृषि | उत्पादन | कैफियत |
|---|---|---|
| फलफुल खेति | ५ रोपनी वा | |
| (कागती /सुन्तला,अमिलो,आप,लिचि,केरा भुईकटहर) | ३०० बोट | उत्पादन दिने |
| तरकारी खेति | २ रोपनी वा | |
| तरकारी टनेल | १० वटा (लः२२ फुट,चौ : १४ फुट ) | कृषि उत्पादन सहित |
| च्याउ घर टनेल | ५ वटा (लः२२ फुट,चौ : १४ फुट ) | |
| विज बृद्धि | २ रोपनी | |
| कफि | २ रोपनी | |
| उखू | ५ रोपनी | |
| मौरी घार | २० घार | |

❖. पशुपक्षिकोहकमां निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| पशुपक्षिं | उत्पादन | कैफियत |
|---|---|---|
| गाई /भैसि | ५ | माउ |
| बाख्रा | २० | माउ |
| वंगुर | ५ | माउ |
| कुखुरा वोईलर | ५०० | |
| टर्कि | १०० | |
| स्थानीय कुखुरा तथा हाँस | १०० | |
| मस्य | १ रोपनी जलाशय | |

**अन्य कृषि तथा पशुपक्षिको हकमा मुल्यांकन समितिको निर्णय बमोजिम हुनेछ ।**

## परिच्छेद......३

**कृषि फर्म दर्ता गर्न आवश्यक पर्ने कागजातहरु :**

१. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

२ सम्वन्धित वडा कार्यालयको सिफारिस

३. कित्ता नं. खुलेको लालपुर्जाको प्रमाणित प्रतिलिपि

४. हालसालै तिरो तिरेको रसिदको प्रतिलिपि

५. यदि घर वा जग्गा भाडामा लिई संचालन गर्ने भए घर धनिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र निजहरुविचको सम्झौता पत्र

६. २ प्रति पासपोर्ट साईजको फोटो

७ . निवेदन (अनुसुचि १ बमोजिम )

८. कृषि फर्म प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ ।

९. फर्म दता शुल्क प्रत्येक वर्षको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. फार्मदर्ताको प्रमाणपत्र अनुसुचि २ बमोजिम हुनेछ ।

## परिच्छेद......४

**मुल्यांकन समिति** : देहाय बमोजिमको एक मूल्यांकन तथा अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| गाउपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| कृषि शाखा प्रमुख /पशु शाखा प्रमुख | सदस्य सचिव |

**मुल्याकंन समितिको काम, कर्तव्य र अधिकार :**

१.कुनै पनि फार्म दर्ता गर्दा विवाद वा समस्या आएमा मुल्यांकन समितिले अन्तिम निर्णय गर्न सक्नेछ ।

२. जुनसुकै समयमा मुल्यांकन समितिले कृषकहरुको फार्महरुमा अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद......५

**संशोधन :** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ ।

**बचाउ** : यस भन्दा अगाडि दर्ता गरिएका फार्महरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

## अनुसुचि १

## (परिच्छेद ३ को दफा १० बमोजिम )

फार्म दर्ताको निवेदन :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु

छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको

कार्यालय गुल्मी

विषय : फार्म दर्ता सम्वन्धि

महोदय,

यस छत्रकोट गाउँपालिकामा म /हामी ले ..........................................................फार्म दर्तागर्नको लागि तपसिल बमोजिमको कागजातहरु सगै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु / गर्दछौ ।

१. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

२ सम्वन्धित वडा कार्यालयको सिफारिस

३.कित्ता नं. खुलेको लालपुर्जाको प्रमाणित प्रतिलिपि

४. हालसालै तिरो तिरेको रसिदको प्रतिलिपि

५.यदि घर वा जग्गा भाडामा लिई संचालन गर्ने भए घर धनिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र निजहरुविचको सम्झौता पत्र

६.२ प्रति पासपोर्ट साईजको फोटो

८.कृषि फर्म प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ ।

९. फार्म दता शुल्क प्रत्येक वर्षको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

निवेदक

नाम:

ठेगाना

सम्पर्क न

## अनुसुचि २

## (परिच्छेद ३ को दफा ७ बमोजिम )

फार्म दर्ता प्रमाणपत्रको नमुना